## स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) का सुझावहरु

१. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

| विषयवस्तु र सम्बन्धित जिम्मेवार निकाय | समस्या परेको कानूनको विद्यमान व्यवस्था | प्रस्ताव संशोधन | प्रस्तावित संशोधन आवश्यक पर्नाका कारण तथा औचित्य |
|---|---|---|---|
| क.ऊर्जा, जलस्रोत तथा सिञ्चाई मन्त्रालय | १.१ निजी क्षेत्रलाई विद्युत व्यापारमा सहभागिता नगराउँदा समस्याः निर्माणको क्रम बढ्दो रहेकोले आन्तरिक तथा अन्तरदेशीय व्यापारमा निजी क्षेत्रको सहभागिता नहुँदा विद्युत खेर जानुका साथै हालसम्मको लगानी जोखिममा पर्दै गएको ।<br>कानूनी व्यवस्थाः<br>क. विद्युत् ऐन, २०४९ को दफा ४(१) माः "विद्युतको व्यापारको प्रावधान नरहेको । | १.१<br>केही नेपाल ऐन संशोधनबाट विद्युत ऐन, २०४९ को दफा ४ (१) मा व्यापार शब्द थप गरी विद्यमान व्यवस्था अनुसार मन्त्री परिषदले निर्णय गरी दिन सक्ने अवस्था भएकोले दिनुपर्ने । | १.१ विद्युतमार्फत आर्थिक समृद्धि हासिल गर्नका लागि तथा हालसम्म निजी क्षेत्रले गरेको लगानीको संरक्षण गर्दै भविष्यमा ऊर्जा क्षेत्रमा हुन लागेको ४० खर्बभन्दा बढीको लगानी आकर्षणका लागि पनि गर्नुपर्ने आवश्यकता । |
| ख. ऊर्जा, जलस्रोत तथा सिञ्चाई मन्त्रालय, विद्युत नियमन आयोग | १.२ प्रसारण लाइनमा निजी क्षेत्रको सहभागिता नहुँदा उत्पादित विद्युत प्रवाह नभई खेर<br>कानूनी व्यवस्थाः<br>क. विद्युत ऐन, २०४९ को दफा ३ ले अनुमतिपत्र नलिई विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण वा वितरण गर्न नहुने व्यवस्था गरेको छ । | १.२ समाधानः<br>क. खुला पहुँच (Open Access) सम्बन्धी कार्यविधि तत्काल लागू गरी ह्विलिङ चार्जको व्यवस्था गर्नुपर्ने ।<br>ख. विद्युत उत्पादनकै ढाँचामा विकास गर्न दिने गरी सरकारले अन्य आवश्यक कार्यविधिहरु निर्माण गर्नुपर्ने ।<br>ग. विद्युत नियमावली, २०५० को नियम नियम १३ अनुसार प्रसारण गर्न चाहने व्यक्ति वा संगठित संस्थाले आवेदन दिनुपर्छ । | १.२ आन्तरिक खपत र बाह्य व्यापारका लागि प्रसारण लाइनको पूर्वाधार अत्यावश्यक भएको तथा नेपाल सरकारले एक्लै लगानी र विकास गर्न नसक्ने भएकोले । |

| | | | |
|---|---|---|---|
| | | यसैगरी नियम १७ ले प्रसारणको अनुमतिपत्र दिनै सकिने व्यवस्था गरेको छ । यसैगरी १७(१)(ग) मा विद्युत प्रसारणसम्बन्धी आवेदन जाँचबुझ गर्दा मनासिब देखिएमा महानिर्देशकले विद्युत प्रसारणको अनुमतिपत्र दिनुपर्ने व्यवस्था छ । | |

| | | | |
|---|---|---|---|
| ग. ऊर्जा, जलस्रोत तथा सिञ्चाई मन्त्रालय | १.३ विद्युत खरिद सम्झौता (पीपीए) रोकिएको समस्याः<br>करिब १७,००० मेगावाट क्षमताका पीपीए आवेदन लामो समयदेखि रोकिनुका साथै नेपाल विद्युत प्राधिकरण ऐन २०४१ दफा २० र २१ अनुसार निजी क्षेत्रबाट उत्पादित विद्युत खरिद तथा विक्री गर्ने अधिकार दिएको छ ।<br>क. विद्युत ऐन, २०४९ को दफा २१ – उत्पादित विद्युत खरिदको मूल अवधारणाः विद्युत ऐन, २०४९ को दफा २१ मा “Sale of Generated Electricity” सम्बन्धी व्यवस्था छ ।<br><br>१.४ पीपीए दर पुरानो रहेको समस्याः<br>फाइलमा २०६८ सालदेखि पीपीए दरमा पर्याप्त पुनरावलोकन नभएको, डलर विनिमय दर, उपकरणको मूल्यवृद्धि तथा मुद्रास्फीतिले परियोजनाको लागत बढाएको । | १.३ समाधानः<br>नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिले नै अविलम्ब निर्णय गर्ने । यसका लागि ऊर्जा, जलस्रोत तथा सिञ्चाई मन्त्रालयले नीतिगत निर्देशन दिने ।<br><br>क. Bankable PPA को मानक ढाँचा बनाउनुका साथै पीपीए निर्णयका लागि समयसीमा तोक्ने र कारणसहित निर्णय अनिवार्य गर्नुपर्ने ।<br>१.४ समाधानः<br>क. पीपीए दरलाई नेपाल राष्ट्र बैंकको मूल्यवृद्धि सूचकांक, निर्माण सामग्रीको मूल्य, विनिमय दर तथा वित्तीय लागतसँग आबद्ध गर्ने । | १.३ २०७५ सालदेखि नियमित रुपमा पीपीए नभएको, करिब १७००० मेगावाटका आयोजनामा पीपीएका लागि आवेदन दिईसकेको र अर्को करिब ६ हजार मेगावाटका आयोजना पीपीएका लागि आवेदनको चरणमा रहेको तथा यो चरणमासम्म आई पुग्दा निजी क्षेत्रको अवौ लगानी भैसकेकोले यसलाई खुला गर्नुको विकल्प नभएकोले ।<br>१.४<br>महंगी बढ्दै गएपनि २०६८ सालदेखि पीपीए एउटै हुँदा आयोजनाको वित्तिय व्यवस्थापनमा असर परेको तथा सर्वसाधारणलाई लाभांश वितरणमा समेत समस्या देखिएकोले । |

| | | | |
|---|---|---|---|
| ऊर्जा, जलस्रोत तथा सिञ्चाई मन्त्रालय/विद्युत विकास विभाग | १.५ जलविद्युत नीति २०५८ अनुसार ऊर्जा आयोजनाको अनुमतिपत्रको अवधि ३५ बर्ष राखिएको कारण ऋण भुक्तानी तथा प्रतिफल संरचना बढ्दो मूल्य वृद्धिका कारण आयोजना बैकएवल (Banabale) हुन कठिन । | १.५<br>समाधानः<br>क. विद्युत ऐन २०४९ को दफा ३ अनुसार ५० वर्षसम्म दिन सकिने व्यवस्था छ । नीतिभन्दा ऐन माथि हुने भएकोले ऐन अनुसारनै कायम गर्नुपर्ने । ख. क. जलाशय, अर्धजलाशय तथा ठूला पूर्वाधार आयोजनामा ५० वर्षसम्मको अनुमतिपत्रलाई व्यवहारमा सुनिश्चित गर्नुपर्ने । | १.५<br>क.<br>नीतिभन्दा ऐन माथि हुने भएकाले सबै जलविद्युत आयोजनाको अनुमतिपत्रको अवधि ५० वर्ष नै कायम गर्नुपर्ने । ख. विद्युत ऐनको आधारमा निजी क्षेत्रले लगानी गरेको तथा जलवायुमा आएको परिर्वतन, निर्माणमा आएको कठिनाई तथा लगानी प्रतिफलको दृष्टिकोणले पनि ५० बर्षमै कायम गर्नुपर्ने विद्यमान अवस्था रहेकोले । |

| | | | |
|---|---|---|---|
| . नेपाल विद्युत प्राधिकरण | १.६ आरसीओडीको समस्याः सरकारी निकायको स्वीकृति ढिलाइ, प्रसारण पूर्वाधार नबन्नु, वन/जग्गा प्रक्रिया वा अन्य बाह्य कारणले आयोजना तोकिएको समयमा RCOD नहुनु ।<br>पुग्न नसक्ने ।<br>कानुनी अवस्थाः विद्युत ऐन, २०४९ को दफा ५(३) | १.६ समाधानः<br>क. प्रवर्द्धकको काबू बाहिरको परिस्थितीले ढिलाइ भएमा स्वचालित रूपमा RCOD थप हुने व्यवस्था गर्नुपर्ने । | १.६<br>आरसीओडीको म्याद थप नभएको कारण आयोजनाको वित्तिय व्यवस्थापन चुनौतीपूर्ण हुने तथा निर्माणाधीन आयोजनाहरुमाले<br>उत्पादन सुरु नहुँदै बैक तथा वित्तिय संस्थाको सावा ब्याज तिर्नुपर्ने अवस्था रहेको । |
| विद्युत विकास विभाग | १.७ सौर्य ऊर्जा<br>सौर्य आयोजनाको अर्न्तराष्ट्रिय बजारमा भएको मूल्यवृद्धि तथा जग्गा व्यवस्थापनको समस्या ।<br>विद्यमान व्यवस्थाः<br>RFP को Clause ७.३.२ मा राखिएको छ । | १.७ समाधानः<br>क. Survey licence को coordinate संशोधनमा निश्चित लचकता अपाउनुपर्ने ।<br>ख. जलविद्युतमा जस्तै न्यूनत्तम ५ वटा मूल्य वृद्धि दिनुपर्ने (जलविद्युतमा ९ वटा) | १.७<br>नेपाल सरकारले मिश्रित ऊर्जा नीतिको अवधारणा बनाएको, छोटो समयमा उत्पादन हुन सक्ने तथा आउँदो दुई बर्षभित्र विद्युतमा आत्मनिर्भर हुन सक्ने भएकोले यसलाई विशेष प्राथमिकता दिनुपर्ने भएकोले । |

| | | | |
|---|---|---|---|
| ऊर्जा, जलस्रोत तथा सिञ्चाई मन्त्रालय र विद्युत विकास विभाग | १.८ एउटै नदी करिडोरमा प्रसारण लाइनको समस्याः एउटै नदी करिडोरका धेरै आयोजनाले छुट्टाछुट्टै प्रसारण संरचना बनाउन खोज्दा लागत र जग्गा समस्या बढेको । | १.८ समाधानः<br>क. अहिले विद्युत् नियमावली, २०५० अन्तर्गत कुनै व्यक्ति वा संगठित संस्थाले छुट्टै प्रसारण परियोजनाका लागि सर्वेक्षण तथा निर्माण अनुमतिपत्र लिन सक्ने व्यवस्था छ । यसकारण साझा करिडोरको अवधारणामा यसलाई संशोधन गरी राष्ट्रिय/करिडोरस्तरीय प्रसारण अनुमतिपत्र प्रसारण अनुमतिपत्र दिन उपयुक्त हुन्छः<br>ख. निजी क्षेत्रका उत्पादन कम्पनीहरू, लगानीकर्ता वा विशेष प्रयोजन कम्पनीले संयुक्त रूपमा लिन सक्ने।<br>ग. नदी करिडोरस्तरीय साझा प्रसारण गुरुयोजना निर्माणको व्यवस्था गर्नुपर्ने ।<br>घ. सबै आयोजनाबाट संयुक्त प्रसारण कम्पनी/एसपीभी स्थापना गर्न सकिने व्यवस्था गर्नुपर्ने ।<br>ग. प्रसारण क्षमता बुकिङको पारदर्शी प्रणाली निर्माण गर्नुपर्ने । | १.८ एउटै कोरिडोरमा निर्माण हुने प्रसारण लाइन आयोजनाहरु एक मुष्ट रुपमा निर्माण गर्दा यसले समय र लागत दुवै कम हुने भएकोले ।<br>१.१२ नेपालका ६ हजार नदीनालामा रहेको पानीको अधिकत्तम उपयोग गरी विद्युत उत्पादनमार्फत समृद्धि हासिल गर्नका लागि उपयुर्क्त क्षेत्र भएकोले ( यदि यसलाइ क्यू २५ मा झार्दा नेपालको विद्युत उत्पादन क्षमता २ लाख मेगावाटभन्दा बढी पुग्ने विभिन्न अध्ययनले देखाएका छन् ) |

| | | | |
|---|---|---|---|
| नेपाल विद्युत प्राधिकरण (NEA) | १.९ एउटै संस्थामा उत्पादन, प्रसारण, वितरण र व्यापारको एकाधिकार समस्याः प्रतिस्पर्धी ऊर्जा बजार विकासमा संस्थागत हितको द्वन्द्व उत्पन्न हुन सक्ने अवस्था रहेको । | १.९<br>समाधानः<br>क. उत्पादन, प्रसारण, वितरण र व्यापारका छुट्टाछुट्टै संस्थागत संरचना बनाउनुपर्ने ।<br>ख. भार प्रेषण केन्द्रलाई स्वायत्त रुपमा सञ्चालन गर्ने व्यवस्था गर्ने । | १.९ बहुक्रेता र बहु विक्रेताको व्यवस्थाले प्रतिष्पर्धी बजार निर्माण हुने भएकोले । |

२. कृषि, वन तथा पर्यावरण मन्त्रालय

| क्षेत्र र सम्बन्धित जिम्मेवार निकाय | समस्या परेको कानूनको विद्यमान व्यवस्था | प्रस्ताव संशोधन | प्रस्तावित संशोधन आवश्यक पर्नाका कारण तथा औचित्य |
|---|---|---|---|
| कृषि, वन तथा पर्यावरण मन्त्रालय | २.१ वातावरण संरक्षण नियमावली, २०७७ – नियम ४ र ५ को कारण समस्याः<br>क. EIA स्वीकृत गर्न लामो समय लाग्ने र EIA स्वीकृत भएपछि पनि रुख कटान आदेशका लागि पुनः मन्त्रालय र मन्त्रिपरिषद् धाउनुपर्ने अवस्था ।<br>ख. वातावरण संरक्षण नियमावली २०७७ अनुसार मन्त्रीस्तरीय निर्णयबाट मात्र EIA स्वीकृतमा ढिलाई । | २.१ समाधानः<br>क. नियमावली संशोधन गरी सचिवस्तरबाटै स्वीकृत गर्नुपर्ने (क्याबिनेट लान नपर्ने व्यवस्था गर्ने)<br>ख. EIA स्वीकृत भएपछि स्वतः रुख कटान र जग्गा सट्टाभर्ना<br>ग. अधिकत्तम १ बर्षभित्र वातवारणीय अध्ययन सम्पन्न गर्ने वाध्यात्मक व्यवस्था गर्नुपर्ने । | २.१<br>वातावरण स्वीकृति र रुख कटानको प्रक्रियामा लाग्ने लामो प्रकृयालाई छोटो बनाई आयोजना निर्माणलाई सहज बनाउन । |
| कृषि, वन तथा पर्यावरण मन्त्रालय | २.२ वातावरण संरक्षण नियमावली, २०७७ – नियम ४(६) र ८(४) मन्त्रालयबाट राय लिएर वातावरण मन्त्रालयमा पठाउनाले स्वीकृति प्रक्रिया लम्बिने समस्या देखिएको | २.२<br>कानूनी सुधारः सम्बन्धित विषयगत मन्त्रालय र वातावरण मन्त्रालयको राय तथा प्राविधिक परीक्षणलाई एकीकृत स्वीकृति संयन्त्र वा | २.२ एउटै विषयमा क्रमिक रूपमा हुने प्रशासनिक परीक्षणलाई समानान्तर बनाउँदा निर्णयको गुणस्तर कायम राख्दै |

| | | | |
|---|---|---|---|
| | | एकद्वार प्रणालीमार्फत समानान्तर रूपमा सञ्चालन गर्ने व्यवस्था गर्नुपर्ने । | अनावश्यक फाइल आवतजावत घटाउन सकिने भएकोले । |
| कृषि, वन तथा पर्यावरण मन्त्रालय र डिभिजन वन कार्यालय) | २.३ वातावरण संरक्षण नियमावली, २०७७ – नियम ८(८) सम्बन्धित स्थानीय तह र विषयगत कार्यालयको सिफारिस आवश्यक पर्ने | २.३<br>कानूनी सुधारः नियम ८(८) मा संशोधन गरी सम्बन्धित स्थानीय तह वा विषयगत कार्यालयले तोकिएको १५ दिनभित्र राय/सिफारिस नदिएमा सिफारिस आवश्यक नरहने वा स्वत सहमति मानिने स्पष्ट व्यवस्था गर्नुपर्ने । | २.३ नियमले नै समयसीमा तोकेर पनि सम्बन्धित निकायबाट अनिश्चित समयसम्म राय पर्खनुपर्ने अवस्था रहेमा स्वीकृतिको कानूनी समयसीमा प्रभावहीन भएकोले समयसीमालाई बाध्यकारी बनाउन यस्तो व्यवस्था आवश्यक रहेको । |
| कृषि, वन तथा पर्यावरण मन्त्रालय | २.४ वातावरण संरक्षण नियमावली, २०७७ – नियम ६, ७ र ९ EIA प्रक्रियामा सार्वजनिक सुनुवाइ, लिखित सुझाव तथा प्रतिवेदन स्वीकृतिका क्रममा पुनः राय सुझाव माग्ने व्यवस्था रहेकाले एउटै विषयमा सार्वजनिक सहभागिताका दोहोरिएका चरणबाट प्रक्रिया लम्बिने गरेको । | २.४<br>नियम ६, ७ र ९ लाई संशोधन गरी सार्वजनिक सुनुवाइ तथा लिखित राय-सुझाव संकलनलाई एउटै एकीकृत सार्वजनिक परामर्श प्रक्रियामा समेट्ने व्यवस्था गर्नुपर्ने । | २.४ सार्वजनिक सहभागिता वातावरणीय निर्णयको महत्वपूर्ण पक्ष भएकाले हटाउनु होइन, दोहोरिएको प्रक्रिया हटाएर एउटै चरणमा प्रभावकारी सहभागिता सुनिश्चित गर्नु आवश्यक भएकोले । |
| कृषि, वन तथा पर्यावरण मन्त्रालय | २.५ वातावरण संरक्षण नियमावली, २०७७ – नियम ९(८) र ९(९) को कारण समस्याः EIA प्रतिवेदन | २.५<br>नियम ९(९) संशोधन गरी थप कागजात वा स्पष्टीकरण एकपटक मात्र, प्रतिवेदन प्राप्त | २.५<br>सुधार आवश्यक हुनुको कारणः स्वीकृतिको ३५ दिने समयसीमा |

| | | | |
|---|---|---|---|
| | स्वीकृतिका लागि ३५ दिनको समयसीमा भए पनि थप स्पष्टता वा कागजात मागिएमा त्यस्तो कागजात प्राप्त भएको मितिबाट पुनः समय गणना हुने भएकाले व्यवहारमा स्वीकृतिको समय अनिश्चित रूपमा लम्बिन सक्ने अवस्था रहेको ।<br>ˆ समय र लागत बढ्छ । | भएको निश्चित अवधिभित्र माग गर्नुपर्ने र थप कागजात प्राप्त भएपछि बाँकी रहेको समयसीमाभित्रै अन्तिम निर्णय गर्नुपर्ने व्यवस्था गर्नुपर्ने । | वास्तविक र बाध्यकारी बनाउन आवश्यक छ। पटक-पटक थप विवरण मागेर निर्णयको समय अनिश्चित बनाउन नदिँदा आयोजना विकासको समय र लागत दुवै नियन्त्रण गर्न सकिने भएकोले । |
| कृषि, वन तथा पर्यावरण मन्त्रालय | २.६ वातावरण संरक्षण नियमावली, २०७७ – नियम ११ को कारण समस्याः स्वीकृत आयोजनाको डिजाइन, क्षमता, संरचना वा कार्यान्वयन विधिमा सामान्य प्राविधिक परिवर्तन हुँदा पनि पूरक वातावरणीय अध्ययनको प्रश्न उठ्न सक्ने भएकाले जलविद्युत् जस्ता लामो समय लाग्ने आयोजनामा प्राविधिक सुधारसमेत वातावरणीय स्वीकृतिसँग जोडिएर आयोजना कार्यान्वयन ढिलो हुन सक्ने । | २.६<br>कानूनी सुधारः नियम ११ संशोधन गरी 'महत्वपूर्ण परिवर्तन' र 'सामान्य प्राविधिक परिवर्तन' स्पष्ट रूपमा परिभाषित गर्ने र वातावरणीय प्रभाव नबढ्ने सामान्य परिवर्तनका लागि पूरक EIA नभई वातावरणीय व्यवस्थापन योजना मात्र संशोधन गर्ने व्यवस्था गर्नुपर्ने । | २.६<br>आयोजनाको निर्माणका क्रममा प्राविधिक डिजाइनमा सामान्य परिवर्तन हुनु स्वाभाविक हो। वातावरणीय प्रभाव नबढ्ने परिवर्तनका लागि पुनः लामो अध्ययन प्रक्रिया लागू गर्दा अनावश्यक प्रशासनिक बोझ र आयोजना ढिलाइ हुन्छ । |
| कृषि, वन तथा पर्यावरण मन्त्रालय | २.७ वातावरण संरक्षण ऐन, २०७६ तथा वनसम्बन्धी कानूनको कारण समस्याः जलविद्युत् आयोजनाको EIA स्वीकृति, वन क्षेत्र प्रयोग, रुख कटान तथा वनसम्बन्धी अन्य स्वीकृतिहरू विभिन्न कानूनी र प्रशासनिक प्रक्रियाबाट सञ्चालन हुँदा एउटै आयोजनाले वातावरणीय तथा वनसम्बन्धी विषयमा छुट्टाछुट्टै | २.७<br>वातावरण संरक्षण ऐन, २०७६ र सम्बन्धित वन कानूनमा आवश्यक संशोधन गरी EIA स्वीकृति प्रक्रियाभित्रै वन क्षेत्र प्रयोग, रुख तथा जैविक विविधता सम्बन्धी आवश्यक परीक्षणलाई एकीकृत गर्ने र दोहोरो | २.७<br>एउटै आयोजना र एउटै वातावरणीय प्रभावको विषयमा फरक-फरक निकायबाट समान प्रकृतिको परीक्षण हुँदा समय दोहोरिन्छ। वातावरणीय मापदण्ड कमजोर नगरी एकीकृत |

| | | | |
|---|---|---|---|
| | प्रक्रिया पूरा गर्नुपर्ने अवस्था सिर्जना हुन्छ । | स्वीकृति आवश्यक नपर्ने व्यवस्था गर्नुपर्ने । | स्वीकृति प्रणाली लागू गर्दा आयोजना कार्यान्वयनमा ठूलो समय बचत हुन्छ । |
| वन तथा वातावरण मन्त्रालय/राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/ मन्त्री परिषद) | २.८ वातावरण संरक्षण नियमावली, २०७७ – नियम ८(११) को कारण समस्याः वातावरणीय अध्ययनको त्यच तथा क्अयउष्लन स्वीकृत भएपछि निश्चित अवधिभित्र प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्थाले ठूला तथा जटिल जलविद्युत् आयोजनाको विस्तृत अध्ययन, डिजाइन, जग्गा तथा अन्य पूर्वतयारीसँग समय नमिल्दा पुनः म्याद थप गर्नुपर्ने अवस्था आउन सक्छ । | २.८ आयोजना आकार, प्रकृति र जटिलताका आधारमा EIA अध्ययनको वैधता अवधि फरक-फरक निर्धारण गर्ने व्यवस्था गर्नुपर्ने । | २.८ सुधार आवश्यक हुनुको कारणः ठूला जलविद्युत् आयोजना र सामान्य आयोजनाको अध्ययन तथा तयारी अवधि समान हुँदैन। त्यसैले एउटै समयसीमा सबै आयोजनामा लागू गर्दा अनावश्यक पुनः स्वीकृति र म्याद थपको प्रक्रिया बढ्छ । |
| वन तथा वातावरण मन्त्रालय/राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/ मन्त्री परिषद) | २.९ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ६ ले राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्र सेवा वा सुविधा सञ्चालन गर्न नेपाल सरकार आफैं वा तोकिएको कार्यविधिअनुसार करार गरी सञ्चालन गर्नुपर्ने तथा त्यस्तो करारबिना अन्य व्यक्तिले सेवा वा सुविधा सञ्चालन गर्न नपाउने व्यवस्था गरेको छ भने संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ को नियम २८ ले संरक्षकको लिखित अनुमति नलिई संरक्षण क्षेत्रभित्र घर, | २.९ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ६ ले राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रभित्र सेवा वा सुविधा सञ्चालन गर्न नेपाल सरकार आफैं वा तोकिएको कार्यविधि अनुसार करार गरी सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको र संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ को नियम २८ ले संरक्षकको लिखित अनुमति बिना संरचना निर्माण तथा | २.९ ऊर्जा पूर्वाधार सार्वजनिक सेवा तथा राष्ट्रिय विकाससँग प्रत्यक्ष सम्बन्धित भए पनि हालको दफा ६ मुख्यतः होटल, लज, सार्वजनिक यातायात वा यस्तै सेवाको भाषामा आधारित देखिएकोले ऊर्जा पूर्वाधारका लागि छुट्टै कानूनी आधार स्पष्ट गर्दा अनुमति दिने निकायको व्याख्यात्मक अस्पष्टता र |

| | | | |
|---|---|---|---|
| | छाप्रो वा अन्य संरचना निर्माण गर्न तथा नदी, खोला वा पानीको स्रोत थुन्ने वा फर्काउने कार्य गर्न निषेध गरेको | नदी, खोला वा पानीको स्रोत थुन्ने वा फर्काउने कार्य निषेध गरेको हुँदा, वातावरणीय अध्ययन (ईआईए/आईईई) तथा वातावरणीय व्यवस्थापन योजना र स्वीकृत संरक्षण क्षेत्र व्यवस्थापन योजनाका सर्त पालना गर्ने राष्ट्रिय प्राथमिकताका आयोजना, जलविद्युत्, प्रसारण लाइन, सबस्टेशन, पहुँचमार्ग तथा अन्य ऊर्जा पूर्वाधार निर्माण तथा सञ्चालन गर्न सकिने स्पष्ट व्यवस्था हुने गरी दफा ६ र नियम २८ संशोधन गर्नुपर्ने । | अनावश्यक प्रक्रिया घटाउन सकिन्छ |
| वन तथा वातावरण मन्त्रालय/राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/<br>मन्त्री परिषद) | २.१० संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ को नियम २९ समस्याः नियम २९ ले संरक्षण क्षेत्रको भू-उपयोग, जनस्वास्थ्य, प्राकृतिक वातावरण वा प्राकृतिक स्रोतमा प्रतिकूल असर पर्ने वा पर्न सक्ने देखिएमा संरक्षकले कुनै काम रोक्न, निषेध गर्न वा सुधार गर्न लिखित आदेश दिन सक्ने व्यवस्था गरेको छ । यसमा ऊर्जा पूर्वाधारका लागि कुन अवस्थामा काम रोक्न सकिने, वातावरणीय जोखिमको मापदण्ड के हुने र निर्णय गर्नुपर्ने समयसीमा कति हुने | २.१०<br>कानूनी सुधारः नियम २९ मा संशोधन गरी ऊर्जा पूर्वाधारका लागि वस्तुगत वातावरणीय मापदण्ड, निर्णयको अधिकतम समयसीमा, काम रोक्नुपर्ने स्पष्ट आधार र सुधारका लागि दिनुपर्ने समय तोक्नुपर्ने । | २.१०<br>सुधार आवश्यक हुनुको कारण: “प्रतिकूल असर पर्न सक्ने” भन्ने व्यापक आधारमा निर्णय हुने अवस्था रहेमा आयोजनाको स्वीकृति पूर्वानुमानयोग्य हुँदैन। स्पष्ट मापदण्ड र समयसीमाले संरक्षणको अधिकार कायम राख्दै आयोजना विकासकर्तालाई |

| | | | |
|---|---|---|---|
| | भन्ने स्पष्ट वस्तुगत मापदण्ड छैन । | | कानूनी निश्चिततता प्रदान गर्छ। |
| वन तथा वातावरण मन्त्रालय/राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/ मन्त्री परिषद) | २.११ "संरक्षण क्षेत्र" र "राष्ट्रिय निकुञ्ज/आरक्ष" का लागि एउटै कानूनी दृष्टिकोण प्रयोग हुने समस्याः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले संरक्षण क्षेत्रलाई "प्राकृतिक वातावरणको संरक्षण र प्राकृतिक स्रोतको सन्तुलित उपयोगको लागि एकीकृत योजना अनुसार व्यवस्थापन गरिने क्षेत्र" का रूपमा परिभाषित गरेको छ । | २.११ समाधानः ऐनमा संरक्षण क्षेत्रका लागि छुट्टै "सस्टेनेबल इन्फ्रास्ट्रक्चर" व्यवस्था थप गरी EIA बाट वातावरणीय प्रभाव स्वीकार्य सीमाभित्र रहेको प्रमाणित भएका जलविद्युत्, प्रसारण तथा अन्य नवीकरणीय ऊर्जा आयोजनालाई निश्चित शर्तमा अनुमति दिन सकिने स्पष्ट व्यवस्था गर्नुपर्ने । | २.११ सुधार आवश्यक हुनुको कारणः संरक्षण क्षेत्रको मूल अवधारणामै प्राकृतिक स्रोतको सन्तुलित उपयोग समावेश छ । त्यसैले संरक्षण र पूर्वाधार विकासलाई पूर्णतः परस्पर विरोधी मान्नुको सट्टा वैज्ञानिक वातावरणीय मूल्याङ्कन, क्षेत्रगत zoning / mitigation measures का आधारमा पूर्वाधार निर्माणको स्पष्ट कानूनी मार्ग आवश्यक भएकोले । |

३. भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

| क्षेत्र | समस्या परेको कानूनको विद्यमान व्यवस्था | प्रस्ताव संशोधन | प्रस्तावित संशोधन आवश्यक पर्नाका कारण तथा औचित्य |
|---|---|---|---|
| भूमि व्यवस्था, सहकारी | ३.१ जग्गा हदबन्दी समस्याः क. जग्गा प्राप्ति र हदबन्दी (Land Ceiling) छुट तथा कित्ताकाटः जग्गाको हदबन्दीका | ३.१ समाधानः क. EIA ले पहिचान गरेको आयोजना क्षेत्रको जग्गा खरिद गर्न हदबन्दी | ३.१ विद्युत आयोजना निर्माणका लागि सबैभन्दा ठूलो |

| | | | |
|---|---|---|---|
| तथा गरिबी निवारण मन्त्रालय | कारण आयोजनाले आवश्यक जग्गा लिन नसक्ने तथा स्थानीय जग्गाधनीको कित्ताकाट रोकिँदा समस्या ।<br>ख. ठूला जलविद्युत तथा प्रसारण आयोजनाले ठूलो भूभाग प्रयोग गर्नुपर्ने तर भूमि सम्बन्धी हदबन्दीले आयोजना विकासमा अवरोध सिर्जना गर्न सक्ने ।<br>कानुनी व्यवस्थाः भूमि सम्बन्धी ऐन, २०२१ को दफा ७ मा जग्गा राख्न पाउने अधिकतम हद र दफा १० मा हदभन्दा बढी जग्गा प्राप्त गर्न प्रतिबन्धको व्यवस्था छ; दफा १२ मा केही प्रयोजनका लागि हदबन्दी छुटको व्यवस्था छ ।<br>क. जग्गाधनीसँग मुआब्जा तथा क्षतिपूर्तिको विषयमा सहमति हुन नसक्दा अधिग्रहण प्रक्रिया लामो समयसम्म टुंगिन नसक्ने गरेको ।<br>ख. मुआब्जा निर्धारण, सार्वजनिक सुनुवाइ तथा स्थानीय तहसँगको समन्वय प्रक्रिया फरक-फरक चरणमा सञ्चालन हुँदा आयोजना कार्यान्वयनमा ढिलाइ हुने गरेको ।<br>च. जग्गा प्राप्तिको प्रक्रिया पूरा नहुँदा वित्तीय व्यवस्थापन, निर्माण सुरु गर्ने समय र आयोजना सम्पन्न गर्ने निर्धारित समयसीमा समेत प्रभावित भएको । | नलाग्ने र आयोजनाको नाममा आउने जग्गाको कित्ताकाट स्वतः खुला गर्ने ।<br>**गर्नुपर्ने कार्य**<br>क ऊर्जा तथा राष्ट्रिय पूर्वाधार आयोजनाका लागि छुट्टै हदबन्दी व्यवस्था गर्नुपर्ने ।<br>ख. परियोजना कम्पनीको नाममा आवश्यक जग्गा लिन विशेष कानुनी व्यवस्था गर्नुपर्ने ।<br>ग.परियोजना अवधिसम्मको प्रयोजनमा आधारित छुट हुनुपर्ने साथै जग्गा अधिकग्रहण एकीकृत रुपमा प्रमुख जिल्ला अधिकारी मार्फत गर्ने व्यवस्थ ागर्ने । | समस्याको रुपमा रहेको जग्गा प्राप्तिलाई सहज बनाउने भएकोले । |
| (अर्थ मन्त्रालय / भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा | ३.२ समस्याः<br>संघीय ऐन अनुसार रोयल्टी बाँडफाँड भइरहे पनि स्थानीय तहले छुट्टै रोयल्टी/कर माग गरी काम रोक्ने । | ३.२ स्थानीय सरकार सञ्चालन ऐन र संघीय ऐनको तालमेल मिलाई जलविद्युतमा दोहोरो कर/शुल्क उठाउन नपाउने परिपत्र जारी गर्नुपर्ने । | ३.२ कानून विपरित दोहोरो कर तिर्नुपर्ने अवस्था सिर्जना भएकोले । |

| | | | |
|---|---|---|---|
| सामान्य प्रशासन मन्त्रालय) | | | |

४. अर्थ मन्त्रालय

| क्षेत्र र | समस्या परेको कानूनको विद्यमान व्यवस्था | प्रस्ताव संशोधन | प्रस्तावित संशोधन आवश्यक पर्नाका कारण तथा औचित्य |
|---|---|---|---|
| अर्थ मन्त्रालय | ४.१ विशेष ऊर्जा कोष<br>विशेष ऊर्जा कोष तथा हरित वित्त समस्या :<br>क. जलविद्युत, प्रसारण, ऊर्जा भण्डारण तथा हरित हाइड्रोजनजस्ता दीर्घकालीन र ठूलो पूँजी आवश्यक पर्ने ऊर्जा आयोजनाका लागि पर्याप्त दीर्घकालीन तथा सहुलियतपूर्ण वित्तीय स्रोतको अभाव छ । | ४.१ समाधान :<br>क. जलविद्युत, प्रसारण, ऊर्जा भण्डारण तथा हरित हाइड्रोजनका लागि विशेष ऊर्जा कोष स्थापना गर्ने ।<br>ख. उक्त कोषमा नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था, विकास साझेदार तथा जलवायु वित्तबाट स्रोत परिचालन गर्ने । | ४.१ विद्युत आयोजनाका लागि पुँजी व्यवस्थापन गर्नुपर्न भएकोले । |
| अर्थ मन्त्रालय | ४.२ विद्युत ऐन २०४९ अनुसार १% भन्सार महसुल व्यवस्था बजेटमा कटौती/परिमार्जन भएको; विदेशमा सामान मर्मत गरी ल्याउन ६ महिना मात्र म्याद ।<br>कानूनी व्यवस्थाः<br>विद्युत ऐन, २०४९ मै भएको विद्युत आयोजना मर्मत सम्भारमा १ प्रतिशत भन्सार छुटको व्यवस्था गरेको । | ४.२<br>समाधानः<br>क. १% भन्सार सहुलियतलाई निरन्तरता दिने; हाइड्रो उपकरण (जस्तै रनर, जेनेरेटर) विदेशमा मर्मत गर्दा समय लाग्ने हुँदा म्याद ६ महिना थप गर्न सकिने व्यवस्था गर्ने ।<br>ख. बाढी/पहिरो/भूकम्पबाट क्षति भएका आयोजनाका लागि पुनर्निर्माण भन्सार छुट, कर सहुलियत र पुनर्कर्जा । क्षतिग्रस्त उपकरण आयातमा अस्थायी भन्सार छुट दिनुपर्ने । | |

५. नेपाल राष्ट्र बैंक

| क्षेत्र | समस्या परेको कानूनको विद्यमान व्यवस्था | प्रस्ताव संशोधन | प्रस्तावित संशोधन आवश्यक पर्नाका कारण तथा औचित्य |
|---|---|---|---|
| नेपाल राष्ट्र बैक र अर्थ मन्त्रालय) | ५.१ विदेशी मुद्रा जोखिमको समस्या<br>कानुनी आधारः नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६२-६६ ले विदेशी विनिमय नीति, व्यवस्थापन तथा विदेशी मुद्रा सञ्चितिसम्बन्धी अधिकार नेपाल राष्ट्र बैंकलाई दिएकोले । | ५.१<br>समाधानः<br>क. विदेशी मुद्रामा ऋण लिएका ऊर्जा आयोजनाका लागि दीर्घकालीन hedging mechanism को व्यवस्था गर्नुपर्ने ।<br>ख Power export revenue बाट debt servicing गर्ने संरचनालाई सहजीकरण गर्नुपर्ने । | ५.१ पुँजी व्यवस्थापमा सहज हुने भएकोले । |

६. नेपाल धितोपत्र बोर्ड (SEBON)

| क्षेत्र | समस्या परेको कानूनको विद्यमान व्यवस्था | प्रस्ताव संशोधन | प्रस्तावित संशोधन आवश्यक पर्नाका कारण तथा औचित्य |
|---|---|---|---|
| नेपाल धितोपत्र बोर्ड र अर्थ मन्त्रालय | ५.१ आईपीओ तथा हकप्रद निष्कासनमा ढिलाइ<br>समस्याः आयोजना सम्पन्न ( COD) भएपछि मात्र IPO ल्याउन पाउने अव्यावहारिक कार्यविधि बनाउन खोजिएको तथा ऊर्जा कम्पनीको पूँजी विस्तार तथा निर्माण वित्तीय व्यवस्थापन प्रभावित ।<br>कानूनी व्यवस्थाः धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८४(१) | ५.१ समाधानः<br>क. निर्माण अवधिमै पुँजीको खाँचो पर्ने हुँदा ५०% भौतिक प्रगति भएपछि स्वतः IPO निष्कासन अनुमति दिने पूर्ववत् व्यवस्था कायम गर्ने साथै हक प्रद सबै हकदार शेयर सदस्यले प्राप्त गर्ने हुन्छ । न्यूनत्तम समयमा स्वीकृत प्रदान गर्नुपर्ने । | ५.१ आईपीओ तथा हकप्रद निष्कासन सहज बनाई आयोजना निर्माणको क्रममा वित्तिय व्यवस्थापनमा सहजता ल्याउनुपर्ने भएकोले । |

| | | | |
|---|---|---|---|
| नेपाल धितोपत्र बोर्ड | ५.२ मौजुदा अड्चनः जलविद्युत कम्पनीहरूले बण्ड र डिबेन्चरमार्फत पुँजी जुटाउन स्पष्ट कार्यविधिको अभाव | ५.२ धितोपत्र बोर्डले जलविद्युत क्षेत्रका लागि बण्ड र डिबेन्चर निष्कासनको छिटोछरितो कार्यविधि तत्काल स्वीकृत गरी लागू गर्ने । | ५.२ वित्तिय व्यवस्थापनलाई सहज बनाउनु आवश्यक रहेकोले । |

७. गृह मन्त्रालय तथा सुरक्षा निकाय

| क्षेत्र | समस्या परेको कानूनको विद्यमान व्यवस्था | प्रस्ताव संशोधन | प्रस्तावित संशोधन आवश्यक पर्नाका कारण तथा औचित्य |
|---|---|---|---|
| ऊर्जा आयोजनाको सुरक्षा | ७.१ ऊर्जा आयोजनाको सुरक्षा समस्याः दुर्गम क्षेत्रमा रहेका बाँध, सुरुङ, पावरहाउस, प्रसारण लाइन, निर्माण उपकरण तथा विदेशी/स्वदेशी लगानीको सुरक्षा चुनौती । | ७.१ समाधानः विद्युत आयोजना निर्माण र सञ्चालनमा आवश्यकता अनुसार सुरक्षा दिने गरी निति अबलम्बन गर्ने । | ७.१ आयोजनामा अनावश्यक रुपमा बन्द, हड्ताल हुँदा यसले आयोजना निर्माण र सञ्चालनमा कठिनाई भई विकासकर्ताले घाटा बेहोर्नु परेकोले । |
| गृह मन्त्रालय / रक्षा मन्त्रालय / नेपाली सेना) | ७.२ समस्याः विस्फोटक पदार्थ आयात, ढुवानी र प्रयोगका लागि दोहोरो-तेहोरो स्वीकृति लिनुपर्ने र अभाव भइरहने तथा लामो समय लाग्ने र हरेक ६/६ महिनामा एनओसी नवीरकण गरिरहनु पर्ने । | ७.२ समाधान नेपाली सेनाले नियमित र पर्याप्त विस्फोटक पदार्थ उत्पादन वा उपलब्ध गराउने तथा निजी क्षेत्रलाई समेत विष्फोटक पदार्थ उत्पादनमा प्रोत्साहन गर्ने, छिमेकी मुलुकहरुमा जस्तै ढुवानी व्यवस्थापन गर्ने, एनओसीको म्याद न्यूनत्तम एक बर्ष कायम गर्ने । | ७.२ विष्फोटक पदार्थको कारण आयोजना निर्माण समस्या भईरहेकोले सहज रुपमा पाउने व्यवस्था गर्नु पर्ने भएकोले । |

८ बहुनिकाय (ऊर्जा मन्त्रालय + वन मन्त्रालय + भूमि मन्त्रालय + वातावरण मन्त्रालय)

| क्षेत्र | समस्या परेको कानूनको विद्यमान व्यवस्था | प्रस्ताव संशोधन | प्रस्तावित संशोधन आवश्यक पर्नाका कारण तथा औचित्य |
|---|---|---|---|
| बहु स्वीकृति प्रणाली | ८.१ बहुनिकायीय स्वीकृतिको समस्याः<br>क. एउटै आयोजना विद्युत विकास विभाग, वन, वातावरण, भूमि, स्थानीय तह, NEA, उद्योग, लगानी बोर्डलगायत धेरै निकायमा फरक-फरक प्रक्रियामा जानुपर्ने तथा फाइलले बहुनिकायीय झन्झटलाई निजी लगानी र आयोजना कार्यान्वयनको प्रमुख अवरोध रहेको तथा 'Silence is Consent' को समस्या | ८.१ समाधानः<br>क.<br>One Project–One Approval File'.<br>One Door/One Window व्यवस्था गरी प्रत्येक स्वीकृतिका लागि अधिकतम समयसीमा तोक्ने र तोकिएको समयभित्र निर्णय नभए स्वत स्वीकृति मान्नुपर्ने व्यवस्था गर्नुपर्ने ।<br>ख. एउटै तथ्य/कागजात पटक-पटक माग्न नपाउने गरी साझा डिजिटल पोर्टल निर्माण गर्नुपर्ने ।<br>ग. कानूनले अनुमति दिएको प्रशासनिक विषयमा Silence is Consent लागू गर्नुपर्ने । | ८.१ एउटै कामका लागि धेरै निकायमा धाउनु पर्दा तथा समयमै निर्णय नहुँदा समय र लागत दुवै बढेकोले । |

धन्यवाद ।